प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली

# आर्थिक वर्ष २०७८/७९ का लागि स्थानीय तहबाट समपूरक अनुदानतर्फका आयोजना/कार्यक्रम प्रस्ताव आह्वान गरिएको सूचना

(प्रकाशित मितिः २०७७/९/१)

प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम स्थानीय तहबाट आर्थिक वर्ष २०७८/७९ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहितका विवरणहरु तयार गरी सम्बत् २०७७ साल पौष मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तावहरुको सक्कल प्रति पठाउनुहुन सबै स्थानीय तहहरुको जानकारीका लागि प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ४ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

स्थानीय तहले आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आयोजना/कार्यक्रम सम्बन्धी शर्त तथा अन्य कागजात र विवरणको जानकारीको लागि प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ यस मन्त्रालयको वेवसाइट moeap.p7.gov.np मा राखिएको छ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालय समयमा यस मन्त्रालयको टेलिफोन नं. ०९१-५२०१०७ मा सम्पर्क गर्न सकिनेछ।

**आयोजना/कार्यक्रम प्रस्ताव गर्दा ध्यान दिनुपर्ने विषयहरुः**

१. स्थानीय तहहरुले अनुदान माग गर्दा समपूरक अनुदानको लागि तोकिएको अनुसूची प्रष्ट रुपमा भरी कार्यपालिकाको निर्णय अनिवार्य रुपमा संलग्न गरी फाइल खडा गरी पन्जिका सहित आयोजना/कार्यक्रम पेश गर्नुपर्नेछ।

२. प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ४ को उपदफा (३) मा उल्लेख भए बमोजिमका कागजातहरु अनिवार्य रुपमा सहिछाप गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

३. प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ३ ले तोकेको क्षेत्रमा मात्र आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

४. प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा (३) मा उल्लेखित कूल लागत सीमाभित्र रही आयोजना/कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

५. स्थानीय तहको आ.व २०७८/७९ को वार्षिक कार्यक्रममा समावेश हुने आयोजना/कार्यक्रमको लागि प्रस्ताव पेश गर्नुपर्नेछ।

६. स्थानीय तहबाट प्रस्ताव गरिने आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण गरी पेश गर्नुपर्नेछ।

७. तोकिएको समयसीमा पछि प्राप्त भएका प्रस्ताव छनौटमा सहभागी गराइने छैन।

प्रि. सचिव

Scanned with CamScanner